# काठमाडौं महानगरपालिका

## येँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### बागमती प्रदेश, काठमाडौं नेपाल

(प्रमुखको सचिवालय)

पत्र संख्या : २०७९/०८०
चलानी नं.: ८३८

मिति: २०७९/०७/२२

श्री १ देखि ३२ सै वडा कार्यालयहरु,
काठमाडौं महानगरपालिका ।

विषय: <u>परिपत्र सम्वन्धमा</u> ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली २०७७, को नियम १६ को उपनियम ६ मा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/१०/२४ को निर्णय अनुसार साविकको विदेशी र नेपाली नागरिकबिचमा भएको विवाह दर्ता गर्नु परेमा प्रचलित कानुन वमोजिम दर्ताद्वारा विवाह गरेको प्रमाण सहित सूचना दिनुपर्ने प्रावधान संशोधन भई विदेशी र नेपाली नागरिकविच विवाह दर्ता गर्नुपरेमा विवाह भएको मुलुकको प्रचलित कानुन वमोजिम विवाह भएको दर्ता प्रमाणपत्र र कन्सुलर सेवा विभाग वा नेपाल स्थित सम्वन्धित मुलुकको कूटनीतिक नियोग वा सम्वन्धित मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगवाट भएको प्रमाणिकरण सहित सूचना दिनुपर्ने तर नेपाल प्रवेश गर्न भिसा आवश्यक नपर्ने मुलुकको महिला र नेपाली नागरिकविच भएको विवाहको हकमा विवाह भएको यकिन हुने प्रमाण राखी सूचना दिएमा स्थानीय पञ्जीकाधिकारीले विवाह दर्ता गरिदिन सक्ने कानूनी व्यवस्था गरेको हुँदा सो संशोधित कानून व्यवस्था वमोजिम विवाह दर्ता गर्न/गराउन सवै वडा कार्यालयमा परिपत्र गर्ने भनी प्रमुख प्रशासकीय अधिकृतज्यूवाट मिति २०७९/७/२२ मा निर्णय भएको हुँदा उक्त कानूनी व्यवस्था वमोजिम विवाह दर्ता गर्ने निर्णय कार्यान्वयन गर्न अनुरोध छ ।

..............................
महेश काफ्ले
विभागीय प्रमुख
प्रशासन विभाग

<u>बोधार्थ:</u>
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
काठमाडौं महानगरपालिका ।

बागदरवार, काठमाडौं नेपाल, फोन नं. ४२३१४८१
ईमेल : kmcmayor@mos.com.np, वेभसाइट : Http//www.kathmandu.gov.np